" शिक्षा, स्वास्थ्य, पर्यटन र व्यापारिक पूर्वाधार, बहुसांस्कृति, आवासीय, समृद्ध सहर"

# धरान उपमहानगरपालिका
# DHARAN SUB-METROPOLITAN CITY
## नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF THE MUNICIPAL EXECUTIVE
धरान, सुनसरी १ नं. प्रदेश नेपाल

PROVINCE NO. 1, DHARAN, SUNSARI, NEPAL

## (बायोमेट्रिक एटेन्डेन्स सामाग्री आपूर्ति सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

## (प्रथम पटक प्रकाशित मितिः २०७६/११/०१)

प्रस्तुत सन्दर्भमा आ.व. २०७६/०७७ का लागि आवश्यक पर्ने छपाई तथा स्टेसनरी सम्बन्धी सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले उक्त सामान आपूर्ति गर्न इच्छुक इजाजत प्राप्त व्यक्ति, फर्म, विक्रेता, सप्लायर्सहरुले देहायका शर्तहरुको अधीनमा रही रीत पूर्वकको तपसिलमा उल्लेख भए बमोजिमको सिलबन्दी दरभाउपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरुः**

१. सिलबन्दी दरभाउपत्र फारामका लागि रु. १०००।—(एक हजार) मात्र फिर्ता नहुने गरी मिति २०७६/११/१ गतेको राष्ट्रिय दैनिक **ब्लाष्ट टाइम्स राष्ट्रिय दैनिक** पत्रिकामा प्रकाशित सूचना बमोजिम प्राप्त गर्न सकिनेछ। टेन्डर खरिदका लागि यस कार्यालयको राजस्व प्रशासनको विविध काउन्टरमा चाहिएको टेन्डर फाराम खरिदका लागि रसिद प्राप्त गर्नु सक्नु हुनेछ वा राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय धरान मार्फत टेण्डर फर्म खरिदका लागि खाता नं.२१६०३०४०१८२०२ मा जम्मा गरी फर्म खरिद गर्न सकिनेछ।

२ योग्य सिलबन्दी दरभाउपत्रदाताहरूले यस सम्बन्धी थप जानकारीको लागि वा सिलिबन्दी दरभाउपत्र सम्बन्धी कागजातहरु हेर्न (अध्ययन गर्न) चाहेमा, यस कार्यालयको निम्न ठेगानामा सम्पर्क राख्न सक्नेछन्:

*(धरान उपमहानगरपालिका, धरान-१२, भण्डार तथा खरिद उपशाखा, ०२५-५२०४०७, ५२०६३६),*

email: info@dharan.gov.np, http:/www.dharan.gov.np

३ योग्य सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातहरु धरान उपमहानगरपालिका धरान १२, बाट लिखित निवेदन पेश गरी प्राप्त गर्न सकिनेछ।

४ सिलबन्दी दरभाउपत्र/बोलपत्र फारामका साथ फर्म/कम्पनी दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र, व्यवसाय प्रमाणपत्रको प्रतिलिपी सहित आ.ब. २०७५|२०७६ सम्मको कर चुक्ता गरेको प्रमाणका कागजातहरू संलग्न राखी तल उल्लिखित मिति र समयभित्र यस कार्यालयमा पेश गर्नु पर्नेछ साथै छपाई सामाग्रीहरुको हकमा जिल्ला प्रशासन कार्यालयको अनुमति पत्र र उद्योग दर्ताको प्रमाणपत्र संलग्न राखु पर्नेछ ।

५ सिलबन्दी दरभाउपत्रदाताहरूले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रूपमा गरेको घोषणापत्र अनिवार्य पेश गर्नु पर्नेछ ।

६ सूचनामा उल्लिखित सिलबन्दी दरभाउपत्रको जमानत रकम राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय धरानमा धरौटी खाता नं. २१६०३०३००७१०२ मा जम्मा कर्ता र प्रयोजन स्पष्ट खुलाई जम्मा गरेको बैक भौचरको अर्धकट्टि सक्कलै भौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी भएको दरभाउपत्रको हकमा घटीमा ७५ दिन अवधिको बिडबण्ड संलग्न राखु पर्नेछ ।

७ सिलबन्दी दरभाउपत्र फारामको परिमाण सूचनामा दररेट लेख्दा उल्लिखित स्पेसिफिकेसन बमोजिमका मालसामानहरू नै उपलब्ध गराउने गरी आफूले कबोल गरेको दररेट र जम्मा रकम (भ्याट बाहेक) अङ्क र अक्षरमा प्रस्ट लेखु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

८ सिलबन्दी खामको बाहिरी भागमा कुन कार्यको दरभाउपत्र पेश गरेको हो, र सोको ठेक्का नं. स्पष्ट रूपमा लेखिएको हुनु पर्नेछ ।अस्पष्ट वा केरमेट भएको पाइएमा मान्यता दिइने छैन ।

९ सिलबन्दी दरभाउपत्र पेश गर्ने र खोलिने दिन सार्वजिनक बिदा परेमा उक्त कार्यहरू क्रमशः सो को भोलिपल्ट सोही समयमा हुनेछ ।

१० सरकारी कार्यालयको प्रतिनिधिहरु र सम्बन्धित दरभाउपत्रहरुको आधिकारिक प्रतिनिधिहरू रोहबरमा दर्ता भएका दरभाउपत्रहरु खोलिनेछ । दरभाउपत्रहरुको आधिकारिक प्रतिनिधिहरू अनुपस्थित भएमा दरभाउपत्र/बोलपत्र खोल्नमा बाधा पर्नेछैन ।

११ दरभाउपत्र/बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१२ विस्तृत जानकारीका लागि यस कार्यालयको भण्डार तथा सम्पत्ति व्यवस्थापन उपशाखामा सम्पर्क गरी बुझ्न सकिनेछ ।

| ठेक्का नं. | विवरण | किसिम | फाराम दस्तुर | सिलबन्दी दरभाउपत्र/बोल पत्र जमानत रकम | सिलबन्दी दरभाउपत्र सूचना प्रकाशन मिति | पेश गर्ने अन्तिम मिति र समय | खोलिने मिति/समय र स्थान |
|---|---|---|---|---|---|---|---|
| **NCB/GOODS/02/ 2076/077** | विद्युतीय हाजिरी **(Biometric Attendence)** | दरभाउपत्र | १०००।- | ४५०००।- | २०७६/११/०१ | २०७६/११/१६ गते १२ बजे सम्म | २०७६/११/१६ गते दिनको १ बजे धरान उपमहानगरपालिका कार्यालय |